नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- २०८१/०८२(अनुमतिपत्र)
चलनी नं.:- १८७४

मिति: २०८२.१.२१

विषय : माथिल्लो त्रिशुली-२ ज.वि.आ.को विद्युत उत्पादनको अनुमतिपत्र (वि.उ. २६२) को विद्युत खरिद बिक्री सम्बन्धी सम्झौता तथा वित्तिय व्यवस्थापन सम्पन्न गर्ने म्याद बारे ।

श्री अपर त्रिशुली हाइड्रोपावर प्रा.लि. ।
नं. २३९, लालुपाते मार्ग, लालदरबार, कमलपोखरी, काठमाडौं ।
पो.ब.नं. : ९५५३
फोन नं. : ०१ ४४१८९९९,
सम्पर्क मोवाइल नं. : ९८२३८४८०६२, ९८६३८५९२८४, ९८५१०९९०५१
इमेल : qianrui@powerchina-intl.com, 154036730@qq.com

प्रस्तुत विषयमा रसुवा जिल्लामा अवस्थित त्रिशुली नदीमा पहिचान भएको माथिल्लो त्रिशुली २ जलविद्युत आयोजना (१०२ मेगावाट)को विद्युत उत्पादनको अनुमतिपत्र (वि.उ. २६२) को शर्त ७(ङ)मा उल्लिखित विद्युत खरिद बिक्री सम्बन्धी सम्झौता (PPA) तथा वित्तीय व्यवस्थापन (Financial Closure) सम्पन्न गर्ने म्याद समाप्त हुनु अगावै म्याद थपका लागि तहाँले निवेदन पेश गरेको नदेखिंदा तपशिल बमोजिमका कागजात विवरण तथा विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा १६(१) र १६(१क) अनुरूप तपशिल बमोजिमको दस्तुर ७ दिनको समयावधि भित्र पेश गर्नुहुन विभागको मिति २०८२/१/१९ को निर्णयानुसार अनुरोध छ।

<u>तपशिल (पेश गर्नुपर्ने कागजात विवरण तथा दस्तुर) :</u>

१. आयोजनाको विद्युत खरिद बिक्री सम्बन्धी सम्झौता तथा वित्तीय व्यबस्थापनका सम्बन्धमा गरिएका प्रयास र प्रगति विवरण ।
२. पाँचौं बर्ष (मिति २०८१/२/८ सम्म)को म्याद थपका लागि विभागको मिति २०८०/८/१८ च.नं. ४५६ को पत्र अनुसार अतिरिक्त दस्तुर (१०२ x १००० कि.वा. x रु. २५ = रु. २५,५०,००० र १०२ x १००० कि.वा. x रु. १०० = रु. १,०२,००,००० गरी जम्मा रु. १,२७,५०,०००) र छैटौं वर्ष अर्थात मिति २०८२/२/८ सम्मको म्याद थपको लागी समेत निवेदन पेश गरेको नदेखिंदा निर्देशिका, २०७५ (चौथो संशोधन समेत) को दफा १६ (१) तथा १६ (१क) को व्यवस्था बमोजिमको अतिरिक्त दस्तुर (१०२ x १००० कि.वा. x रु. २५ = रु. २५,५०,००० र १०२ x १००० कि.वा. x रु. १०० = रु. १,०२,००,००० गरी जम्मा रु. १,२७,५०,०००) समेत गरी कुल जम्मा <u>रु. २,५५,००,०००</u> (२ करोड ५५ लाख रुपैंया) धरौटी बुझाएको रसिद ।

(दुर्गा नारायण भुसाल)
ईन्जिनियर

बोधार्थ:
श्रीमान महानिर्देशक ज्यू, विद्युत विकास विभाग ।